## सञ्चार माध्यममा प्रकाशित

# बालबालिका सम्बन्धी विभिन्न घटनाहरूको प्रथम चौमासिक स्थिति विश्लेषण

## आ. व. २०७६/७७ (साउन - कार्तिक)

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय


**राष्ट्रिय बाल अधिकार परिषद्**

श्रीमहल, पुल्चोक, ललितपुर
फोन नं.:- ०१-५५५०१२१/१४७
Website:- www.ncrc.gov.np
Email:–contact@ncrc.gov.np
E-Portal:- childrights.gov.np

## पृष्ठभूमि

बालबालिकालाई हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव, अपहरण, उपेक्षा, हेपाइ र बेवास्ता जस्ता हानिकारक अभ्यासबाट संरक्षण गर्नु सबैको दायित्व हो । बालबालिकाको हक, हित र अधिकारका लागि संवैधानिक, कानूनी, नीतिगत व्यवस्था गरी विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेको भएता पनि बालबालिका विरुद्धका थुप्रै घटनाहरु समाजमा घटिरहेका छन् । बाल दुर्व्यवहार जोकसैबाट जहाँपनि हुनसक्ने भएकाले यस बारेमा बालबालिकादेखि अभिभावकसम्म सबै सतर्क, सचेत र सजग रहन आवश्यक छ। सूचना प्रविधिको विकासक्रमसँगै बाल अधिकार सम्वर्द्धन सम्बन्धी सम्बन्धित सरोकारवालाहरुको प्रयत्न, प्रयास, बहस र पैरवीका कारण पछिल्लो समयमा बाल अधिकार हननका घटनाहरुका सम्बन्धमा आम नागरिकमा संवेदनशीलता बढ्दै गएको छ। तैपनि प्रवृत्तिगत सामाजिक गलत मूल्य मान्यता र अन्धविश्वासका कारण कतिपय घटनाहरु बाहिर आउन सकिरहेका छैनन् । यसकारण बालबालिका विरुद्ध घटेका बाल अधिकार उल्लंघनका घटनाहरुको जानकारी गराई बाल संरक्षणमा सहयोग पुऱ्याउन राष्ट्रिय बाल अधिकार परिषद्(साविकाको केन्द्रीय बाल कल्याण समिति)ले हरेक चौमासिक/वार्षिकमा सञ्चार माध्यमबाट प्रकाशमा आएका खासगरी बाल संरक्षणसँग सम्बन्धित घटनाहरुलाई समेटेर चौमासिक/वार्षिक जानकारी पत्र तयार गरी प्रकाशित गर्ने गरेको छ।

यस चौमासिक स्थिति पत्रमा २०७६ साल साउनदेखि कात्तिकसम्म आमसञ्चार माध्यममा प्रकाशमा आएका बाल अधिकार हनन्का घटनाहरुलाई समेटेर तयार गरिएको छ। यस पत्रमा समेटिएका विषयहरुः बाल यौन दुर्व्यवहार र बलात्कार, मृत्यु, बाल विवाह, हत्या, बाल श्रम, बालबालिकाको बेचविखन तथा ओसार पसार, अपहरण, बालबालिकाप्रति हुने शारीरिक तथा मानसिक सजाय, आत्महत्या, कुपोषण र गर्भपतन लगायतका घटनाहरुको विश्लेषण गरिएको छ। यस स्थिति पत्रले समाजमा बालबालिका विरुद्ध भएका घटनाहरुको अवस्था चित्रण गर्नुका साथै बालबालिकाको संरक्षणको सवाललाई प्रतिनिधिमूलक रुपमा उजागर गरेको छ।

## बालबालिका विरुद्ध घटेका विभिन्न घटनाहरु

विभिन्न पत्रपत्रिका, अनलाइन लगायतका सञ्चार माध्यममा यस अवधिमा बालबालिका विरुद्ध भएका २०७ वटा घटनालाई विश्लेषण गरिएको छ। जसमा ५२४ जना बालबालिका प्रत्यक्ष रुपमा पीडित तथा प्रभावित भएको देखिन्छ।

| घटना | पीडित तथा प्रभावित बालबालिका संख्या | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | साउन | | | | भदौ | | | | असोज | | | | कात्तिक | | | | जम्मा | | | |
| | बालक | बालिका | शिशु | जम्मा | बालक | बालिका | शिशु | जम्मा | बालक | बालिका | शिशु | जम्मा | बालक | बालिका | शिशु | जम्मा | बालक | बालिका | शिशु | जम्मा |
| कुपोषण | ७५ | ७२ | ० | १४७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७५ | ७२ | ० | १४७ |
| बालविबाह | १० | २० | ० | ३० | ८ | २८ | ० | ३६ | ११ | १७ | ० | २८ | ७ | १५ | ० | २२ | ३६ | ८० | ० | ११६ |
| मृत्यु | २५ | १८ | ० | ४३ | ९ | १५ | ० | २४ | ७ | १३ | ० | २० | १० | ३ | ० | १३ | ५१ | ४९ | ० | १०० |
| बाल यौन दुर्व्यवहार तथा बलात्कार | २ | १७ | ० | १९ | ० | २२ | ० | २२ | ३ | १७ | ० | २० | ० | ११ | ० | ११ | ५ | ६७ | ० | ७२ |
| गर्भपतन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ | ० | ५ | ० | १२ | ० | १२ | ० | १७ | ० | १७ |
| शारिरीक सजाय | २ | ० | ० | २ | ० | ० | ० | ० | १ | ० | ० | १ | १२ | १ | ० | १३ | १५ | १ | ० | १६ |
| बालश्रम | ० | ० | ० | ० | ६ | ५ | ० | ११ | ४ | ० | ० | ४ | ० | ० | ० | ० | १० | ५ | ० | १५ |
| हत्या | १ | २ | ० | ३ | २ | १ | ० | ३ | १ | ३ | ० | ४ | २ | ० | २ | ४ | ६ | ६ | २ | १४ |
| बेचबिखन | ७ | ५ | ० | १२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | ७ | ७ | ० | १४ |
| आत्महत्या | १ | ० | ० | १ | २ | २ | ० | ४ | ० | ० | ० | ० | १ | १ | ० | २ | ४ | ३ | ० | ७ |
| अपहरण | ० | ० | ० | ० | ० | १ | ० | १ | १ | ० | १ | २ | २ | १ | ० | ३ | ३ | २ | १ | ६ |
| **जम्मा** | **१२३** | **१३४** | **०** | **२५७** | **२७** | **७४** | **०** | **१०१** | **२८** | **५५** | **१** | **८४** | **३४** | **४६** | **२** | **८२** | **२१२** | **३०९** | **३** | **५२४** |

महिनागत घटना संख्यालाई निम्न अनुसार वर्गीकरण गरिएको छः-

| महिना | घटना संख्या | पीडित तथा प्रभावित बालबालिका | | | |
|---|---|---|---|---|---|
| | | बालक | बालिका | शिशु | जम्मा |
| साउन | ५७ | १२३ | १३४ | ० | २५७ |
| भदौ | ५६ | २७ | ७४ | ० | १०१ |
| असोज | ४९ | २८ | ५५ | १ | ८४ |
| कात्तिक | ४५ | ३४ | ४६ | २ | ८२ |
| **जम्मा** | **२०७** | **२१२** | **३०९** | **३** | **५२४** |

लैंगिक रुपमा विश्लेषण गर्दा सबैभन्दा बढी ३०९ जना बालिका पीडित भएको पाइएको छ भने २१२ जना बालक र ३ जना शिशु(लिंग पहिचान नभई हत्या वा मृत्यु भएका बालबालिका)समेत घटित घटनाबाट पीडित तथा प्रभावित भएको पाइएको छ ।

यसरी यस अवधिमा कुपोषण, बाल विवाह, मृत्यु, बाल यौन दुर्व्यवहार र बलात्कार, गर्भपतन, बालबालिकाप्रति हुने शारीरिक तथा मानसिक सजाय, बाल श्रम, हत्या, बालबालिकाको बेचविखन तथा ओसार पसार, आत्महत्या र अपहरण लगायत ११ वटा घटनाहरुलाई निम्नानुसार विश्लेषण गरिएको छः-

## (क) कुपोषण

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणको सन् २०१६ को तथ्याङ्क अनुसार नेपालमा कडाखालको कुपोषण हुने बालबालिकाको संख्या १० प्रतिशत छ। सन् २००६ मा १३ प्रतिशत र सन् २०११ मा ११ प्रतिशत थियो । विश्व स्वास्थ्य संगठनका अनुसार यदि १० देखि १४ प्रतिशत बालबालिका शीघ्र (कडा खालको) कुपोषणको अवस्थामा छन् भने त्यसलाई नाजुक अवस्था भनिन्छ। जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणको तथ्याङ्क अनुसार नेपालमा सन् २०१६ सम्म दीर्घ कुपोषण


भएका बालबालिकाको संख्या ३६ प्रतिशत रहेको छ । यो प्रतिशत सन् २००६ मा ४६ र २०११ मा ४१ प्रतिशत रहेको थियो ।

विभिन्न जिल्लामा कुपोषित बालबालिकाको संख्या र बालबालिकाको स्वास्थ्य परीक्षण गर्दा उनीहरु कुनै न कुनै किसिमको कुपोषणको शिकार भएको पाइएको छ । यस अवधिमा कुपोषण सम्बन्धी प्रकाशित कैलाली जिल्लाको घटनालाई प्रतिकात्मक रुपमा विश्लेषण गरिएको छ । कैलालीमा कुपोषित बालबालिकाको संख्या वर्षेनी बढ्दै गएको सेती अञ्चल अस्पतालले जनाएको छ । आर्थिक वर्ष २०७५/७६ मा १४७ कुपोषित बालबालिका अस्पताल आएका थिए जस मध्ये ७५ बालक र ७२ बालिका रहेका थिए । कुपोषित बालबालिकामा उमेर अनुसार तौल र उचाइ नबढेको पाइएको छ । सुदूर पश्चिम प्रदेशमा चलिआएको रुढिवादी परम्पराका कारण कुपोषित हुनेमा छोराको संख्या बढी देखिएको छ । यहाँ छोरा भएका बेला आमाले खानेकुरामा ख्याल गर्नुपर्छ भन्ने गलत मान्यता रहेको छ । माछा, मासु, हरियो सागपात र गेडागुडीले झोल खाए छोरा बिरामी हुन्छ भन्ने गलत मान्यताले बालक बढी संख्यामा कुपोषित हुने गरेको हुन सक्दछ ।


बालबालिकाको कुपोषण जाँच गर्दा पाखुरामा नापिने फितामा ३ वटा रङ हुन्छन् । जसअन्तर्गत पहेंलोले मध्यम, हरियोले सामान्य र रातो रङले कडा कुपोषण जनाउने गर्छ। कडा कुपोषणका कारण बालबालिकमा उमेर अनुसार तौल र उचाइ नबढेको पाइएको छ।

## (ख) बाल विवाह

नेपाल सरकारले बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागू गरी सो सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याएको छ । बाल विवाह विरुद्धका विभिन्न कार्यक्रम सञ्चालन  हुँदाहुँदै पनि बाल विवाहका घटनाहरुमा कमि भएको




देखिदैन । यस अवधिमा विभिन्न २१ जिल्लाहरुमा ८० वटा बाल विवाहका घटनामा ११६ जना बालबालिकाको विवाह भएको देखिन्छ ।




पहुँच र सचेतना अभावका कारण प्रकाशमा नआएका बाल विवाहका घटनाहरु यस भन्दा बढी हुनसक्ने अनुमान गर्न सकिन्छ । बाल विवाहका घटनाहरुको वर्गीकरण गर्दा बालक र बालिका दुबै ७२ जना (३६ विवाह) ले उमेर नपुग्दै विवाह गरेको छन् भने ३ बालिकाको विवाह अनमेल तथा अस्वाभाविक उमेर अन्तर भएकासँग भएको देखिन्छ । साथै ४१ जना बालिकाको वयस्क पुरुषसँग विवाह भएको पाइएको छ । बाल विवाह भएका मध्ये आफूखुशी वा भागी विवाह ५६, अभिभावकद्वारा ३८ जना, सामाजिक सञ्जाल र फेसबुक दुरुपयोगका कारण उमेर नपुग्दै २२ जनाको बाल विवाह भएको छ । यसैगरी बाल विवाहलाई लैËक रुपमा विश्लेषण गर्दा बालक ३६ जना र बालिका ८० जना रहेका छन् ।

जिल्लागत रुपमा हेर्दा मोरङ जिल्लामा सबैभन्दा बढी २२ जना बालबालिकाको बाल विवाह भएको घटना प्रकाशमा आएको छ । बाल विवाह गरेका केही जोडीहरुलाई नेपाल प्रहरीले सम्झाइ बुझाइ गरी उनीहरुको शैक्षिक निरन्तरताको लागि अभिभावकलाई सल्लाह तथा सुझाव दिएको छ । जिल्लागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छः-


| क्र.सं | जिल्लाहरु | घटना संख्या | पीडित तथा प्रभावित | | |
|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा |
| १ | दैलेख | १५ | ० | १५ | १५ |
| २ | मोरङ | ११ | ११ | ११ | २२ |
| ३ | बाँके | ९ | ९ | ९ | १८ |
| ४ | रोल्पा | ६ | २ | ६ | ८ |
| ५ | सुर्खेत | ५ | २ | ५ | ७ |
| ६ | बैतडी | ५ | ० | ५ | ५ |
| ७ | मकवानपुर | ४ | ० | ४ | ४ |
| ८ | सुनसरी | ३ | २ | ३ | ५ |
| ९ | हुम्ला | ३ | १ | ३ | ४ |
| १० | रामेछाप | ३ | ३ | ३ | ६ |
| ११ | कैलाली | ३ | ० | ३ | ३ |
| १२ | सल्यान | २ | २ | २ | ४ |
| १३ | रुपन्देही | २ | २ | २ | ४ |
| १४ | अछाम | २ | ० | २ | २ |
| १५ | खोटाङ | १ | ० | १ | १ |
| १६ | पर्सा | १ | ० | १ | १ |
| १७ | जुम्ला | १ | १ | १ | २ |
| १८ | सप्तरी | १ | ० | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | महोत्तरी | १ | ० | १ | १ |
| २० | बर्दिया | १ | १ | १ | २ |
| २१ | उदयपुर | १ | ० | १ | १ |
| जम्मा | | ८० | ३६ | ८० | ११६ |

यस अवधिमा भएका ८० वटा बाल विवाह मध्ये ८ वटा नेपाल प्रहरीबाट र २ वटा बाल क्लबबाट गरी जम्मा १० वटा बाल विवाह रद्द गरिएको छ ।


सूचना र प्रविधिको विकाससँगै पछिल्लो समय उमेर नपुग्दै विवाह गर्ने घटनाक्रम स्वयम् बालबालिकाबाटै हुने गरेको पाइएको छ ।

## (ग) मृत्यु




यस अवधिमा विभिन्न कारणले गर्दा १०० जना बालबालिकाको मृत्यु भएको छ् । सबैभन्दा बढी साउन महिनामा ४३ जना बालबालिकाको मृत्यु भएको देखिन्छ भने अन्य महिनाहरुमा भदौ, असोज र कात्तिकमा क्रमशः २४, २० र १३ जना बालबालिकाको मृत्यु भएको छ । उक्त मृत्युका घटनालाई विश्लेषण गर्दा बाढी पहिरोमा परी सबैभन्दा बढी १८ जना बालबालिकाले ज्यान गुमाएका छन् भने नदी, पोखरीमा डुबेर वा बगेर १७ जना, सडक दुर्घटनामा परेर ११ जना, सर्पको टोकाइबाट ७ जना, खाल्डोमा परेर र करेन्ट लागेर ६/६ जना र अन्य कारण (चितुवाको आक्रमण, झाडापखाला,

आगोले पोलेर, चट्याङ, भिरबाट लडेर)ले १८ जना बालबालिकाको मृत्यु भएको छ ।





यस अवधिमा मृत्यु भएका बालबालिकाको संख्यालाई लैंÈक रुपमा हेर्दा बालिका ४९ जना र बालक ५१ जना रहेका छन् । त्यसैगरी उमेरगत समूहका आधारमा विश्लेषण गर्दा शिशुदेखि ५ वर्ष उमेरका ३७ जना, ६ देखि १० वर्ष उमेरका ३३ जना र ११ देखि १८ वर्षका ३० जना रहेका छन् ।


## (घ) बाल यौन दुर्व्यवहार र बलात्कार

यस चौमासिकमा विभिन्न सञ्चार माध्यममा ७२ जना बालबालिकाप्रति बाल यौन दुर्व्यवहार र बलात्कार भएका घटनाहरु घटेका छन् । महिनाको आधारमा सबैभन्दा बढी २२ जना बालबालिका भदौमा महिनामा पीडित भएका छन् र यस अवधिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

| महिना | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| साउन | २ | १७ | १९ |
| भदौ | ० | २२ | २२ |
| असोज | ३ | १७ | २० |
| कात्तिक | ० | ११ | ११ |
| **जम्मा** | **५** | **६७** | **७२** |

यस अवधिमा ५ जना बालक विदेशी नागरिकबाट बाल यौन दुर्व्यवहारमा परेका छन् भने ६७ जना बालिका जवरजस्ती करणीमा परेका छन् । अस्ट्रेलियन नागरिकले नेपाल आएर ठमेलमा ३ जना बालकलाई बाल यौन दुर्व्यवहार गरेका थिए भने कास्कीमा प्याराग्लाइडिङको पाइलट समेत बाल यौन दुर्व्यवहारमा संलग्न भएको पाइएको छ। बालिका बलात्कार भएका घटनामध्ये ७ जना बालिका सामूहिक बलात्कारमा परेका छन् । घटनालाई हेर्दा सामूहिक बलात्कारमा परेकी १ जना बालिका आफ्नै दाजु समेत संलग्न भएको पाइएको छ। बलात्कारका घटनाहरुलाई विश्लेषण गर्दा सबैभन्दा बढी चिनजानको व्यक्तिबाट २३ जना बालिका बलात्कार भएका छन् । त्यसैगरी छिमेकीबाट १९ जना, आफ्नै बाबु तथा हाडनाताबाट ११ जना, शिक्षक तथा सरकारी कर्मचारीबाट ४ जना, घरमालिकबाट घरेलु बाल श्रममा रहेका ३ जना र अपरिचित व्यक्तिबाट ७ जना बालिका बलात्कृत भएका छन् । हाडनाताबाट बलात्कार भएका ११ जना बालिका मध्ये ५ जना बालिका आफ्नै बाबुबाट बलात्कार भएका छन् । बलात्कारमा संलग्न अभियुक्तमध्ये ५ जना बालकहरु नै रहेको देखिन्छ भने ६० वर्षमाथिका व्यक्तिबाट ४ जना बालिका बलात्कृत भएका छन् ।



बलात्कारबाट पीडित भएका बालिकाको उमेर समूहका आधारमा विश्लेषण गर्दा ५ वर्ष वा सोभन्दामुनि ५ जना, ६ देखि १० वर्षका १३ जना, ११ देखि १४ वर्षका २७ जना र १५ देखि १८ वर्षका २२ जना बालिका रहेका छन् । सबैभन्दा कम उमेरको महोत्तरीमा ८ महिने बालिकालाई अपहरण पश्चात बलात्कार गरी हत्या गरिएको छ भने ११ देखि १४ वर्ष उमेरका बालिकाहरु धेरै संख्यामा बलात्कारबाट पीडित भएका देखिन्छन् ।

| **पीडित बालिका उमेर** | **संख्या** |
|---|---|
| ५ वर्ष मूनीका | ५ |
| ६ देखि १० वर्ष | १३ |
| ११ देखि १४ वर्ष | २७ |
| १५ देखि १८ वर्ष | २२ |
| **जम्मा** | **६७** |

यस अवधिमा ३४ जिल्लामा भएका जम्मा घटनाहरु मध्ये बाल यौन दुर्व्यवहार र बलात्कार भएका जिल्ला र बालबालिकाको संख्यालाई तलको तालिकामा देखाइएको छः-

| **जिल्ला** | **जिल्ला संख्या** | **जम्मा पीडित बालिका संख्या** |
|---|---|---|
| ७ बालिका पीडित भएका जिल्लाः ओखलढुËा | १ | ७ |
| ४ बालिका पीडित जिल्लाः ललितपुर, बाँके, धनुषा र सोलुखुम्बु | ४ | १६ |
| ३ बालिका पीडित भएका जिल्लाः मोरङ, काठमाडौं, सुर्खेत र अछाम, | ४ | १२ |
| २ बालिका पीडित भएका जिल्लाः झापा, बारा, रोल्पा, स्याËजा र नवलपरासी पूर्व | ७ | १४ |

| | | |
|---|---|---|
| १ बालिका पीडित भएका जिल्लाः कपिलवस्तु, नुवाकोट, नवलपरासी पश्चिम, कास्की, दाङ, सप्तरी, तनहुँ, बाग्लुङ, बैतडी, कञ्चनपुर, रुकुम पश्चिम, पर्वत, बभ्राङ,, सिरहा, मकवानपुर, महोत्तरी, गुल्मी र पाँचथर | १८ | १८ |
| **जम्मा** | **३४** | **६७** |

जिल्लागत रुपमा विश्लेषण गर्दा सबै्भन्दा बढी ओखलढुËमा ७ जना बालिका बलात्कृत भएका छन् ।

## (ङ) गर्भपतन

कानूनले लिË पहिचानको आधारमा गर्भपतन गराउने उद्देश्यले भ्रूणको लिË पहिचान गराएमा गर्ने, गराउने दुबैलाई ६ महिनादेखि २ वर्षसम्म कैदको व्यवस्था गरेको छ । यसैगरी लिËको आधारमा गर्भपतन गर्ने, गराउने दुवैलाई एक वर्ष कैद गर्ने व्यवस्था गरेको छ । अवैध सम्बन्ध, गलत सामाजिक मूल्य मान्यता, छोराको चाहना अनि प्रविधिको गलत प्रयोगका कारण गर्भपतन गर्नेको क्रम बढेको देखिन्छ । यस अवधिमा जिल्लागत रुपमा गर्भपतनका धेरै घटनाहरु आएका भए तापनि ती सबै घटनाहरुमा गर्भपतन गराउनेको उमेर, कारण स्पष्टरुपमा नखुलेको हुँदा यस पत्रमा समावेश गर्न नसकिएता पनि प्रतिनिधि मूलक घटनाका रुपमा यस अवधिमा गर्भपतनका १७ वटा घटनाहरुलाई समेटिएको छ । जसमा १५ वर्षदेखि देखि १८ वर्षसम्मको बालिकाले गर्भपतन गराएका छन् । गर्भपतन गराउनेमा सबै बालिका कलेज/क्याम्पस पढ्ने अविवाहित रहेका छन् ।

## (च) शारीरिक तथा मानसिक सजाय

आधारभूत तथा माध्यमिक विद्यालयहरुमा बालबालिकालाई विभिन्न खाले शारीरिक तथा मानसिक सजाय दिने गरेको पाइएको छ । यस अवधिमा विभिन्न सञ्चार माध्यममा १६ वटा शारीरिक सजायका घटनाहरु सार्वजनिक भएका छन्


। महिनाका आधारमा साउन महिनामा २ असोजमा १ र कात्तिकमा १३ जना बालबालिकालाई शारीरिक सजाय दिइएको छ। तलको तालिकामा विद्यालयमा कसबाट शारीरिक सजाय दिने गरिन्छ भन्ने विवरण प्रस्तुत गरिएको छः-

| सजाय गर्ने | | लैÏक रुपमा | | पिटाइको अवस्था | | विद्यालयका आधारमा | |
|---|---|---|---|---|---|---|---|
| प्रधानाध्यापक | १४ | बालक | १५ | सामान्य | १४ | सामुदायिक | १४ |
| शिक्षक (पुरुष) | २ | बालिका | १ | गम्भीर चोट | २ | संस्थागत | २ |

उल्लिखित सजायका घटनाहरुबाट बालक १५ जना र १ बालिका पीडित भएको पाइन्छ। शारीरिक सजाय दिनेहरुमा विद्यालय प्रधानाध्यापक(पुरुष)बाटनै १४ जना र पुरुष शिक्षक २ जना छन्। शारीरिक सजाय दिनुपर्ने कारणहरुमाः कपाल लामो पारेर अनुशासन पालना नगरेको, विद्यालय ढिलो आएको आदि घटनाको निहुँमा सजाय दिएको देखिन्छ। पिटाइ खाने मध्ये १४ जना बालकले गम्भीर चोट पाएका छन्। साथै शारीरिक सजाय पाउने २ जना बालक संस्थागत विद्यालयका छन् भने १४ जना बालबालिका सामुदायिक विद्यालयका रहेका छन्।

(छ) **बाल श्रम**

बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ। १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनै पनि प्रकारको श्रमिकको रुपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ। बाल श्रम समाजको एक दुःखद् यथार्थता भएता पनि यस अवधिमा बाल श्रम सम्बन्धी १५ वटा घटनाहरु प्रकाशमा आएका छन्। महिनाको आधारमा विश्लेषण गर्दा भदौमा तथा असोजमा ४ जना बालबालिकालाई बाल श्रममा लगाइएको देखिएको छ।





बालबालिकालाई श्रममा प्रयोग गरेको प्रकृतिलाई हेर्दा पढाइ खर्च जुटाउन सबैभन्दा बढी ८ जना रहेको छ भने घरेलु तथा होटल श्रमिकका रुपमा ६ जना, सार्वजनिक यातायातमा श्रमिकको रुपमा १ जना बालबालिका संलग्न रहेको पाइएको छ ।

बाल श्रममा प्रयोग गरिएका बालबालिकालाई लैंÏËक रुपमा हेर्दा बालक १० जना र बालिका ५ जना रहेका छन् ।

उमेर समूहका आधारमा १० वर्ष वा सो भन्दामुनिको ६ जना र ११ देखि १४ वर्षको ९ जना रहेका छन् ।

## (ज) हत्या


पछिल्लो समयमा बालबालिकालाई विभिन्न बहाना बनाई समाजमा हत्या गर्ने प्रचलन बढदै गएको पाइएको छ । बालबालिकालाई विभिन्न कारणले हत्या गरेका घटना सार्वजनिक भएका छन् । यस चौमासिकमा बालबालिका हत्याका १४ वटा घटना सार्वजनिक भएका छन् । असोज र कात्तिक महिनामा ४/४ वटा घटना भएका छन् भने साउन र भदौमा ३/३ जना बालबालिकाको हत्या भएको छ । हत्या भएका मध्ये बुबा र आमाले आफ्ना ७ बालबालिकाको हत्या गरी आत्महत्या गरेका छन् भने



अवैध सम्बन्धका कारण ४ जना, अपहरण पछि २ जना र सौतेनी आमाले १ जना गरी १४ बालिकाको बालबालिकाको हत्या गरेको देखिन्छ । हत्या भएका बालबालिकालाई लैंËक रुपमा हेर्दा बालक ६ जना, बालिका ६ र शिशु २ जना गरी १४ जना बालबालिकाको हत्या भएको देखिन्छ ।


**(झ) बालबालिका बेचविखन तथा ओसार पसार**

बालबालिकालाई विभिन्न प्रलोभनमा पारी बेचबिखन तथा ओसार पसार गर्ने घटना समाजमा रही रहेका छन् । यस अवधिमा विभिन्न सञ्चार माध्यममा प्रकाशित घटनाहरुलाई विश्लेषण गर्दा १४ जना बालबालिका बेचबिखन तथा ओसार पसारमा परेका छन् । यस अवधिमा साउनमा १२ जना बालबालिका बेचविखन तथा ओसार पसारमा परेका छन् भने कात्तिक महिनामा २ जना रहेका छन् । जसमा ७ जना बालक र ७ जना बालिका छन् । उक्त घटनाहरुबाट पीडित तथा प्रभावित बालबालिका मध्ये ७ जना दलित बालकलाई डोल्पाबाट गुम्बामा पढाउन भनी बिना अनुमति भारतमा लगिरहेको अवस्थामा प्रहरीले उद्धार गरेको छ भने ५ जना बालिकालाई झापामा यौन व्यवसायमा संलग्न गराइ भारतमा पठाउने तयारी भइरहेको अवस्थामा उद्धार गरिएको छ । चिनजानको व्यक्तिबाट छिमेकी मुलुकमा भारतको कोठीबाट २ बालिकाको उद्धार गरिएको छ । यस अवधिमा देशका विभिन्न ४ वटा जिल्ला ( डोल्पा, झापा, नुवाकोट र काठमाडौं) बाट बालबालिकालाई बेचविखन तथा ओसार पसारमा परेको समाचार प्रकाशमा आएको पाइएको छ ।




## (ञ) आत्महत्या

यस अवधिमा ७ जना बालबालिकाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नेहरुमा ४ जना बालिका र ३ जना बालक रहेका छन् । उमेरगत रुपमा ११ देखि १६ वर्ष उमेरका बालबालिका रहेका छन् । उक्त बालबालिका मध्ये ५ जनाले घरायसी झगडाको कारण आत्महत्या गरेको पाइएको छ भने २ जना बालिकाले प्रेम सम्बन्ध असफल भएको कारण विष पिएर आत्महत्या गरेका छन् । पछिल्लो समय बालबालिकाले आत्महत्या गरेका घटना बढदै जानुलाई डरलाग्दो संकेतको रुपमा लिन सकिन्छ ।




## (ट) अपहरण

यस अवधिमा ६ जना बालबालिकाको अपहरण गरिएको घटनाहरु प्रकाशमा आएका छन् । अपहरण गरिएका ६ बालबालिका मध्ये १ जना शिशुको अपहरणपछि हत्या गरिएको छ भने ५ जना अपहरणबाट मुक्त गरिएको छ । अपहरण गर्नुका कारणहरुमा ४ जना फिरौती र २ जना पारिवारिक रिसिवीको कारणले अपहरणमा परेको देखिन्छ । अपहरण परेका मध्ये ३ जना बालक, २ बालिका र १ जना शिशु



रहेका छन् । उमेर समूहका आधारमा विश्लेषण गर्दा सबैभन्दा सानो नवजात शिशु समेत गरी २ जना १० वर्षमुनिका थिए भने ११ वर्षदेखि १४ वर्षका ३ जना र सोभन्दा माथि १ जना रहेका छन् ।

## जिल्ला तथा प्रदेशमा बालबालिका विरुद्ध घटेका घटना सम्बन्धी विवरण

यस स्थिति पत्रमा उल्लिखित बालबालिका विरुद्धका विभिन्न ११ वटा घटनाहरु सबै प्रदेशका ५९ जिल्लाहरुमा घटेको पाइएको छ । बालबालिका विरुद्ध घटेका घटनाबाट पीडित बालबालिकाको संख्यालाई निम्नानुसार उल्लेख गरिएको छः-

| क्र.सं. | जिल्ला | घटना संख्या | बालक | बालिका | शिशु | जम्मा पीडित तथा प्रभावित बालबालिका संख्या |
|---|---|---|---|---|---|---|
| | **प्रदेश नं. १** | | | | | |
| १ | ओखलढुËा | ५ | ० | ७ | ० | ७ |
| २ | खोटाङ | २ | ० | २ | ० | २ |
| ३ | पाँचथर | १ | ० | १ | ० | १ |
| ४ | झापा | ६ | ४ | १६ | ० | २० |
| ५ | मोरङ | १४ | ११ | १४ | ० | २५ |
| ६ | सुनसरी | ६ | ५ | ४ | ० | ९ |
| ७ | उदयपुर | १ | ० | १ | ० | १ |
| ८ | संखुवासभा | २ | १ | १ | ० | २ |
| ९ | सोलुखुम्बु | १ | ० | ४ | ० | ४ |
| | **जम्मा** | **३८** | **२१** | **५०** | **०** | **७१** |
| | **प्रदेश नं. २** | | | | | |
| १ | सप्तरी | ५ | १ | ४ | ० | ५ |
| २ | सिरहा | १० | १३ | १४ | ० | २७ |
| ३ | धनुषा | ६ | २ | ५ | ० | ७ |
| ४ | महोत्तरी | ३ | १ | २ | ० | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सर्लाही | ५ | ४ | ० | ० | ४ |
| ६ | रौतहट | २ | ० | ५ | ० | ५ |
| ७ | बारा | २ | ० | २ | ० | २ |
| ८ | पर्सा | ६ | ८ | ४ | ० | १२ |
| | **जम्मा** | **३९** | **२९** | **३६** | **०** | **६५** |
| | **प्रदेश नं. ३** | | | | | |
| १ | दोलखा | २ | १ | १ | ० | २ |
| २ | धादिङ | १ | ० | ० | १ | १ |
| ३ | काठमाडौं | ६ | ४ | ५ | ० | ९ |
| ४ | भक्तपुर | २ | २ | ० | ० | २ |
| ५ | ललितपुर | ६ | १३ | ४ | ० | १७ |
| ६ | काभ्रेपलाञ्चोक | ४ | ५ | ० | ० | ५ |
| ७ | सिन्धुली | १ | ० | २ | ० | २ |
| ८ | मकवानपुर | ३ | ० | ५ | १ | ६ |
| ९ | चितवन | १ | १ | ० | ० | १ |
| १० | रामेछाप | ३ | ४ | ३ | ० | ७ |
| ११ | नुवाकोट | ६ | ४ | २ | ० | ६ |
| | **जम्मा** | **३५** | **३४** | **२२** | **२** | **५८** |
| | **गण्डकी प्रदेश** | | | | | |
| १ | म्याग्दी | ४ | १ | १४ | ० | १५ |
| २ | कास्की | २ | ३ | १ | ० | ४ |
| ३ | तनहुँ | ३ | २ | १ | ० | ३ |
| ४ | नवलपरासी ((बर्दघाट सुस्ता पुर्व) | ३ | १ | ४ | १ | ६ |
| ५ | स्याङजा | ६ | २ | ४ | ० | ६ |
| ६ | पर्वत | १ | ० | १ | ० | १ |
| ७ | बागलुङ | ३ | २ | २ | ० | ४ |
| | **जम्मा** | **२२** | **११** | **२७** | **१** | **३९** |
| | **प्रदेश नं. ५** | | | | | |
| १ | रोल्पा | ६ | ३ | १२ | ० | १५ |
| २ | प्यूठान | १ | ० | १ | ० | १ |
| ३ | गुल्मी | २ | १ | १ | ० | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | अर्घाखाँची | १ | १ | ० | ० | १ |
| ५ | नवलपरासी (बर्दघाट सूस्ता पश्चिम | २ | ० | २ | ० | २ |
| ६ | रुपन्देही | ३ | २ | ४ | ० | ६ |
| ७ | दाङ | ६ | २ | ५ | ० | ७ |
| ८ | बाँके | ९ | ५ | १५ | ० | २० |
| ९ | कपिलवस्तु | १ | ० | १ | ० | १ |
| | **जम्मा** | **३१** | **१४** | **४१** | **०** | **५५** |
| | **कर्णाली प्रदेश** | | | | | |
| १ | जुम्ला | १ | १ | १ | ० | २ |
| २ | दैलेख | २ | १ | १६ | ० | १७ |
| ३ | जाजरकोट | २ | १ | २ | ० | ३ |
| ४ | रुकुम (पश्चिम भाग) | ३ | ० | ४ | ० | ४ |
| ५ | सल्यान | ३ | ६ | ६ | ० | १२ |
| ६ | सुर्खेत | ६ | २ | ८ | ० | १० |
| ७ | हुम्ला | २ | १ | ३ | ० | ४ |
| ८ | डोल्पा | १ | ७ | ० | ० | ७ |
| | **जम्मा** | **२०** | **१९** | **४०** | **०** | **५९** |
| | **सुदूर पश्चिम प्रदेश** | | | | | |
| १ | बाजुरा | ३ | १ | २ | ० | ३ |
| २ | बझाङ | १ | ० | १ | ० | १ |
| ३ | बैतडी | ८ | २ | ८ | ० | १० |
| ४ | अछाम | ३ | २ | ४ | ० | ६ |
| ५ | कैलाली | ५ | ७८ | ७७ | ० | १५५ |
| ६ | कञ्चनपुर | १ | ० | १ | ० | १ |
| ७ | दार्चुला | १ | १ | ० | ० | १ |
| | **जम्मा** | **२२** | **८४** | **९३** | **०** | **१७७** |
| | **कूल जम्मा** | २०७ | २१२ | ३०९ | ३ | ५२४ |

यस अवधिमा २०७ घटनाहरु मध्ये सबैभन्दा बढी प्रदेश नं. २ मा ३९ वटा घटना भएका छन् भने सबैभन्दा कम कर्णाली प्रदेशमा २० वटा घटना भएका छन् ।

अन्य प्रदेशहरुमा प्रदेश नं. १ मा ३८ वटा, प्रदेश नं. ३ मा ३५ वटा, प्रदेश नं. ५ मा ३१ वटा र गण्डकी प्रदेश/सुदूर पश्चिम मा २२/२२ वटा घटनाहरु घटेको देखिन्छ । उल्लिखित तालिकाका आधारमा प्रदेश नं. २ मा बढी घटना घटेको भएतापनि प्रभावित बालबालिका संख्या भने सुदूर पश्चिममा सबैभन्दा बढी १७७ जना पीडित तथा प्रभावित भएका छन् भने सबैभन्दा कम गण्डकी प्रदेशमा ३९ जना छन् । प्रदेश नं. १ मा ७१ जना, प्रदेश नं. २ मा ६५, कर्णाली प्रदेशमा ५९, प्रदेश नं. ३ मा ५८ र प्रदेश नं. ५ मा ५५ जना बालबालिका पीडित तथा प्रभावित भएको देखिन्छ ।

बालबालिका पीडित तथा प्रभावित भएको संख्यालाई हेर्दा सबैभन्दा बढी कैलालीमा १५५ जना बालबालिका रहेका छन् भने सिरहामा २७, मोरङमा २५, बाँके र झापामा २०/२०, ललितपुर र दैलेखमा १७/१७, रोल्पा र म्याग्दीमा १५/१५, सल्यान र पर्सामा १२/१२, सुर्खेत र बैतडीमा १०/१०, काठमाडौं र सुनसरीमा ९/९ जना रहेका छन् । त्यसैगरी प्रति जिल्ला ७ जना पीडित तथा प्रभावित भएका ५ जिल्ला, प्रति जिल्ला ६ जना भएका ६, प्रति जिल्ला ५ जना भएका ३, प्रति जिल्ला ४ जना भएका ६, प्रति जिल्ला ३ भएका ४, प्रति जिल्ला २ भएका ९ र प्रति जिल्ला १ जना पीडित तथा प्रभावित भएका ११ जिल्ला रहेका छन् ।